# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मितिः २०७३।०६।०२ गते

## प्रेस विज्ञप्ति
**विषयः आरोपपत्र दायर गरिएको ।**

-------------------------------------

जनता प्रा.वि. नरसिंह-७, सुनसरीका प्रा.वि. शिक्षक युवक कुमार मुखियाले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी जागिर खाएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा निज युवक कुमार मुखियाले २०५७ सालमा राष्ट्रसेवक प्रा.वि. शिक्षक पदमा नियुक्ति एवं बहाल हुने र सो हैसियतले लाभ सुविधा लिने उद्देश्यले Intermediate Education Council, Patna अन्तर्गतको GM Science College, Madhipura बाट सन् १९९६ मा I.Sc उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी ओहोदा तथा लाभ सुविधा लिई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज युवक कुमार मुखियालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी